यो आकाशवाणी हो ।
6-12-15

सर्वप्रथम मुख्य समाचार।

- उपराष्ट्रपतिले **महा परि निर्वाण** दिवसमा भारत रत्न ड◌ा. **भीमराव अम्बेडकर** –लाई अर्पिण गर्नुभयो श्रद्धान्जलि
- दुई हजार पचिसमा "परीक्षा पे चर्चा"-ले बनायो उल्लेखनीय **गिनीज वर्ल्ड र◌ेकर्ड.**
- केन्द्रले कर प्रणालीलाई सरल बनाउनका लागि काम गरिरहेको वित्त मन्त्रीको भनाइ ,
- दिल्ली सरकारले **जी.एम.आर** समूहका साथ **आजाद** मार्क◌ेट बाट इन्द्रलोक सम्म सड़क सौन्दर्यीकरण-का लागि समझौता ज्ञापनमा गऱ्यो हस्ताक्षर, अनि
- दिल्लीमा भोली भारतको पहि◌ल◌ो शहर केन्द्रित ए.आई अभियानको उद्घाटन गरिने।

उपराष्ट्रपति - अंबेडकर
उपराष्ट्रपति सी.पी राधाकृष्णनले आज **महा परि निर्वाण** दिवसमा भारत रत्न ड◌ा. **भीमराव अम्बेडकर** –लाई श्रद्धान्जलि अर्पिण गर्नुभयो । सोशल मीडिया पोस्टमा श्री राधाकृष्णनले भन्नुभयो, समानता, सम्मान र बन्धुत्वका लागि ड◌ा. अम्बेडकरको अथक संघर्षले एउटा आधुनिक, प्रगतिशील र समावेशी भारतको नीव र◌ाख्यो । उहाँले भन्नुभयो, उहाँको दूरदर्शी विचारले एउटा न्यायपूर्ण र सामन्जस्यपूर्ण समाजको मार्गदर्शन गरिरहन्छ। उपराष्ट्रपतिले भन्नुभयो, बाबासाहेबको चिरस्थायी विरासत पीढ◌ीहरूका लागि प्रेणाको स्रोत बनी रहनेछ।

30 प्रधानमंत्री-परीक्षा पे चर्चा
प्रधानमन्त्री नरेन्द्र मोदीको **विशेष इन्टर◌ेक्ट◌ीव कार्यक्रम "परीक्षा पे चर्चा"** को न◌ौ◌ं संस्करण भन्दा पहि◌ले **माईग◌ाव पोर्टल-मा** एउटा राष्ट्रव्यापी प्रतियोगिता चल◌ीरहेकोछ । य◌ो अनलाइन बहुविकल्पीय प्रश्न-आधारित प्रतियोगिता अगि◌ल◌ो साल एघाह्र जनवरी सम्म चल्नेछ । कक्षा छ देखी बाह्र सम्मका छात्र, शिक्षक र अभिभावकले पनि यसम◌ा भाग लि◌न सक्नेछन् । यस गतिविधिलाई पूरा गर्ने सबै पंजीकृत प्रतिभाग◌ीहरूलाई माईग◌ाव पोर्टलका तर्फबाट भागीदारीको प्रमाण पत्र दिइनेछ। दुई हजार पचिसमा "परीक्षा पे चर्चा"-ले एउटा उल्लेखनीय **गिनीज वर्ल्ड र◌ेकर्ड** बनाय◌ो, जसमा दुई सय पैतालिस भन्दा अधिक देशका छात्र, एक सय त्रिपन्न देशका शिक्षक र एक सय उनचास देशका अभिभावहरूले भाग लिए ।

भारत-रूस व्यापार मंच

भारत र रूसले वर्ष दुई हजार तिस सम्म द्विपक्षीय व्यापारलाई सय अरब डलर सम्म बढ़ाउने संकल्प लिएको छ। नयाँ दिल्लीमा हिजो रूसका राष्ट्रपति व्लादिमीर पुतिनका साथ भारत-रूस व्यापार मन्चलाई सम्बोधन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो, दुबै नेता बीच भएको चर्चा र दुबै पक्षको बलियो क्षमताले द्विपक्षीय व्यापार लक्ष्य, निर्धारित समय भन्दा पहिले नै हासिल गर्ने सङ्केत दिन्छ। प्रधानमन्त्रीले टिप्पणी गर्नुभयो , व्यापार होस वा कूटनीति, कुनै पनि साझेदारीको नीव आपसी विश्वास हो। उहाँले भन्नुभयो, भारत-रूस सम्बन्धको सबैभन्दा ठूलो शक्ति यही विश्वासमा निहित छ। यही विश्वासले संयुक्त प्रयासलाई दिशा र गति प्रदान गर्छ।

### 38 संशो सीतारामन- नेतृत्व शिखर सम्मेलन

वित्त मन्त्री निर्मला सीतारामनले भन्नुभयो, केन्द्रले कर प्रणालीलाई सरल बनाउनका लागि काम गरिरहेकोछ र अब आयकर भर्ने प्रक्रिया कठिन रहदैन। आज नयाँ दिल्लीमा एउटा निजी मीडिया संस्थानको शिखर सम्मेलनलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, नागरिकहरूको उत्थानका लागि **आयकर स्लैब-लाई** अझ धेरै पारदर्शी, सरल र अनुपालन योग्य बनाइनु आवश्यक छ। वित्त मन्त्रीले भन्नुभयो, सीमा शुल्क ढाँचामा परिवर्तन अगिलो ठूलो कार्य हुनेछ। उहाँले भन्नुभयो, सरकारले पछिलो दुई वर्षमा सीमा शुल्कमा लगातार कमी ल्याइ रहेको छ र सीमा शुल्कलाई सरल र अधिक पारदर्शी बनाउने उपाय गरिरहेकोछ। वित्त मन्त्रीले भन्नुभयो, यस वर्षको कुल विकास दर सात प्रतिशत भन्दा अधिक रहनेछ।

### 41 दिल्ली सरकार-समझौता ज्ञापन

दिल्ली सरकारले आज **जी.एम.आर** समूहका साथ **आजाद** मार्केट बाट इन्द्रलोक सम्म सड़क सौन्दर्यीकरण-का लागि समझौता ज्ञापनमा हस्ताक्षर गर्‍यो। समझौता ज्ञापन अन्तर्गत सड़कको रख-रखाव र हरियालीमा पनि काम गरिनेछ। यस अवसरमा मुख्यमन्त्री रेखा गुप्ताले मानिससंग, सबैले पर्यावरण रक्षक बनेर आफ्नो दायित्व निभाउने अपील गर्नुभयो। श्रीमती गुप्ताले भन्नुभयो, दिल्लीका जनताले दाउरा, कोइला वा बायोमास जलाउनदेखी बाचनु र एकजुट भएर सफाईको यस अभियानमा भाग लिनु।

### 34 विमानन मंत्रालय-एयरलाइंस

नागर विमानन मन्त्रालयले यात्रीहरूलाई कुनै पनि प्रकारको धेरै **किराय** संग बाच्नका लागि सबै प्रभावित मार्गहरूमा उचित र सही **किराय** सुनिश्चित गर्नका लागि काम गरिहेको छ। केही एयरलाइन द्वारा अधिक हवाई **किराय** उठाउने मामिलालाई गम्भीरता लिँदै

मंत्रालयले सबै एयरलाइनहरूलाई निर्देश जारी कर ,अब निर्धारित **किराय** सीमाको पालन अनिवार्य गरेको छ । यो सीमाहरू तब सम्म लागू रहनेछ जब सम्म स्थिति पूर्ण रूपले सामान्य हुँदैन । यसको उद्देश्य बाजारमा मूल्य निर्धारण ,अनुशासन बनाइराख्नु हो । साथै वरिष्ठ नागरिक, छात्र तथा रोगीहरू सहित तत्काल यात्रा गर्ने प्रभावित यात्रीहरूको शोषणलाई रोक्नु हो । मन्त्रालयले वास्तविक समयको आकड़ा र एयरलाइन तथा अनलाइन यात्रा प्लेटफार्महरूका साथ समन्वयका माध्यमले किरायका स्तरमा कड़ा हेरविचार राखीरहन्छ।

## 15 इंडोनेशिया-मृतक आंकड़ा

इण्डोनेशिया सुमात्रा द्वीपमा तीन प्रान्तहरूमा तूफानका कारण आएको बाढ़ र भूस्खलनले मर्नेहरूको संख्या बढ़ेर नौ सय आठ भएको छ भने , चार सय मानिस अहिले पनि हराएका छन् । आपदाले गर्दा दक्षिण थाइल्याण्ड र मलेशियामा करीब दुई सय जना मारिएका छन् । पर्यावरण समूहले बाढ़ले भएको नोकसानका लागि वनहरूको कटाईलाई जिम्मेवार ठहरायो। इण्डोनेशियाका पर्यावरण मन्त्रालयले वनको कटाईका लागि जिम्मेवार खनन र जलविद्युत कम्पनीहरूको परिचालनमा रोक लगाएको छ ।

## 35 गुजरात अमित शाह

गृह र सहकारिता मन्त्री अमित शाहले भन्नुभयो, सरकारको लक्ष्य डेयरी क्षेत्रमा एउटा सर्कुलर इकोनोमी मोडल लागू गरेर अगिलो पाँच वर्षमा पशुपालकहरूको आयमा बीस प्रतिशतको वृद्धि गर्नु हो। श्री शाहले गुजरातको सनादरमा बनास डेयरीको बायो-सी.एन.जी र उर्वरक संयंत्रको उद्घाटन गर्नुभयो ।

## 43 दिल्ली - एआई अभियान

दिल्लीमा भोली भारतको पहिलो शहर केन्द्रित ए.आई अभियानको उद्घाटन गरिनेछ । दिल्लीका शिक्षा मन्त्री आशीष सूदले एउटा सोशल मीडिया पोस्टमा यस कार्यक्रमको जानकारी दिँदै बताउनुभयो, दिल्लीले नवाचारको एउटा नयाँ युगमा कदम राख्दैछ। श्री सूदले भन्नुभयो, यो भारतको पहिलो शहर-केन्द्रित ए.आई अभियान हो जसले छात्रहरूलाई सशक्त बनाउने, रचनात्मकतालाई बढ़ावा दिने तथा ए.आई-सन्चालित भविष्यका लागि

तयार युवा नवप्रवर्तकहरूको एउटा बलियो श्रृंखला बनाउनका लागि तयार गरिएको छ। उहाँले भन्नुभयो, उदाउदो तकनीक देखी लिएर वास्तविक विश्वको समस्या-समाधान सम्म, यो पहल अगिलो पीढ़ीलाई भविष्यको अवसरका लागि तयार गर्ने दिशामा एउटा ठूलो छलांग हो।
अनत्यमा मुख्य समाचार फेरी एकपल्ट

- उपराष्ट्रपतिले **महा परि निर्वाण** दिवसमा भारत रत्न डा. **भीमराव अम्बेडकर** –लाई अर्पिण गर्नुभयो श्रद्धान्जलि
- दुई हजार पचिसमा "परीक्षा पे चर्चा"-ले बनायो उल्लेखनीय **गिनीज वर्ल्ड रेकर्ड.**
- केन्द्रले कर प्रणालीलाई सरल बनाउनका लागि काम गरिरहेको वित्त मन्त्रीको भनाइ ,
- दिल्ली सरकारले **जी.एम.आर** समूहका साथ **आजाद** मार्केट बाट इन्द्रलोक सम्म सड़क सौन्दर्यीकरण-का लागि समझौता ज्ञापनमा गऱ्यो हस्ताक्षर, अनि
- दिल्लीमा भोली भारतको पहिलो शहर केन्द्रित ए.आई अभियानको उद्घाटन गरिने।